Australian Government
Department of Human Services

# यदि तपाईं फैसलासँग असहमत हुनुभएमा के हुन्छ?

तपाई आफूले प्राप्त गर्नुपर्ने हक बारेको फैसलाप्रति सहमत हुनुहुन्न भने तपाईंसँग उक्त फैसलाको पुनरावलोकन गरि माग्न पाउने अधिकार हुन्छ।

तपाई आफ्नो भुक्तानी तथा भुक्तानी-छुट वा बालबालिकाको टेवा रकमको मूल्याङ्कनको फैसलाबारे लिखित रूपमा, फोन गरेर वा हाम्रा कुनै पनि service centres हरूमा गएर पुनरावलोकन गरिपाउँ भन्न सक्नुहुनेछ।

हामी आफ्नो पुनरावलोकन गर्न पाउने अधिकारको उपयोग गर्ने ग्राहकहरूप्रति कुनै पनि प्रकारको भेदभाव गर्दैनौं।

# हामी सँग कुरा गर्नुहोस्

यदि कुनै फैसलाबारे अधिक जानकारीहरू चाहिएमा तपाईंले हामीलाई सम्पर्क गर्नुपर्ने हुन्छ। हामी त्यसपछि विवरणहरूको अध्ययन गरेर तपाईंलाई उक्त फैसलाको वर्णन गर्नेछौं। यसो गर्दा तपाईंले गलत बुझाइलाई सच्याउने तथा नयाँ जानकारी प्राप्त गर्ने अवसर पाउनुहुनेछ।

# पुनरावलोकन गर्न लगाउनुहोस्

यदि तपाई फैसलाप्रति असहमत हुनुभएमा पुनरावलोकन गर्नका लागि अनुरोध गर्न सक्नुहुनेछ। हामी तपाईंको मामिलालाई उक्त फैसला गर्दा संलग्न नभएको पुनरावलोकन गर्ने अधिकारीसमक्ष पठाइदिनेछौं जसले उक्त फैसला गर्दा गल्ती भएको रहेछ भने त्यसलाई परिवर्तन गर्न सक्दछ।

तपाईंले तलका मध्ये कुनै पनि तरिकाले पुनरावलोकन गर्न अनुरोध गर्न सक्नुहुनेछः

- हामीलाई टेलिफोन गरेर
- *Review of a Centrelink decision* को फारम हेरेर, भरेर, प्रिन्ट गरेर अनि कुनै पनि service centre मा हुलाकबाट पठाएर,
- कुनै एक service centre मा गएर।

पुनरावलोकन गर्ने अधिकारीलेः

- सम्भव भएसम्म तपाईंसँग फैसलाबारे कुरा गर्नेछ
- सत्यतथ्य, कानून र नीति हेर्नेछ
- यदि गलत ठहरिएमा फैसला परिवर्तन गरिदिनेछ, र
- पुनरावलोकनको नतिजाबारे तपाईंलाई लिखित रुपमा जानकारी गराउनेछ।

# प्रशासनिक पुनरावेदन न्यायाधिकरण)Administrative Appeals Tribunal(

यदि तपाई पुनरावलोकन गर्ने अधिकारीले गरेको निर्णयसँग सहमत हुनुहुन्न भने, प्रायः सबै मुद्दाहरूमा तपाईंले Administrative Appeals Tribunal (AAT) पुनरावलोकन गरिमाग्न सक्नुहुनेछ। यदि उक्त फैसला ABSTUDY वा Assistance for Isolated Children (ऋण होइन) सम्बन्धी हो, वा अनुग्रहपूर्वक दिइएको भुक्तानी सम्बन्धी हो भने त्यस्तो अवस्थामा पुनरावलोकन तथा पुनरावेदन प्रक्रिया बेग्लै हुन सक्दछ।

AAT एउटा स्वतन्त्र न्यायाधिकरण हो। यस निकायसँग फैसलाहरू परिवर्तन गर्नसक्ने अधिकार हुन्छ तर उक्त अधिकार कानूनबमोजिम तथा पुनरावलोकन गर्ने अधिकारीले हेरिसकेको मुद्दाहरुमा मात्र प्रयोग हुन्छ। AAT बाट दुई तहको पुनरावलोकन हुने गर्दछ। यदि तपाई पहिलो AAT पुनरावलोकनसँग सहमत हुनुभएन भने तपाईंले दोस्रो AAT पुनरावलोकनका लागि निवेदन दिन सक्नुहुनेछ।

तपाईंले पुनरावलोकन गर्ने अधिकारीको निर्णयबारे सूचित हुनुभएको १३ हप्ताभित्रमा पहिलो AAT पुनरावलोकनका लागि अनुरोध गरिसक्नु पर्दछ। यदि तपाईंको अनुरोध तपाईंलाई सूचित गरिएको **१३ हप्तापछि मात्र** प्राप्त भएको हो र केही गरी पछि फैसला परिवर्तन नै भयो भने पनि तपाईंले पुनरावलोकनका लागि अनुरोध गर्नुभएको मितिदेखि यताको हक सुविधाहरू मात्र प्राप्त गर्नुहुनेछ।

यदि तपाई पहिलो AAT पुनरावलोकनको नतिजासँग सहमत हुनुभएन भने दोस्रो AAT पुनरावलोकनका लागि निवेदन दिन योग्य हुन सक्नुहुन्छ। तपाईंले पहिलो AAT पुनरावलोकनको निर्णय प्राप्त गर्नुभएको २८ दिनभित्र दोस्रो AAT पुनरावलोकनका लागि अनुरोध गरिसक्नुपर्दछ।

AAT मा निवेदन पेश गर्नका लागि कुनै शुल्क लाग्दैन। AAT बाट पुनरावलोकन प्राप्त गर्ने कार्यमा आइपर्न सक्ने खर्चमा हामी तपाईंलाई सहयोग गर्न सक्दैनौं। यदि तपाई सफल हुनुभयो भने AAT ले तपाईंलाई लागेको खर्चको क्षतिपूर्ति दिलाउन सक्दैन र त्यसै गरी तपाई असफल हुनु भयो भने पनि तपाईंले हामीलाई लागेको खर्च तिर्नुपर्दैन।

थप जानकारीका लागि वा पुनरावलोकन अनुरोध गर्नका लागिः

- **Freecall™ 1800 228 333** मा फोन गर्नुहोस्
- **aat.gov.au** वेभसाईटमा जानुहोस्

तपाईंले AAT मा निवेदन पेश गर्नुभएपछि हामी निर्णयका आधार सहित सम्पूर्ण प्रासंगिक विभागीय कागजातहरू AAT समक्ष प्रस्तुत गर्नेछौं। तपाईंले उक्त विवरण तथा कागजातहरूको प्रतिलिपि पाउनुहुनेछ।

AAT ले एक छलफलको आयोजना गर्न सक्नेछ जहाँ तपाईंले हाम्रा प्रतिनिधिहरूसँग कुरा गर्न सक्नुहुनेछ। यस छलफलमा AAT ले समस्याहरू प्रष्ट्याउनेछ तथा सम्भव भएसम्म दुवै पक्ष सन्तुष्ट हुनेगरी मामिलालाई सुल्झाउनेछ।

यदि समस्याको समाधान नभएमा AAT ले प्रत्येक पक्षलाई प्रमाणहरू पेश गर्ने तथा आफ्नो मुद्दाको वकालत गर्ने अवसर प्रदान गर्नेछ। यसको बहस सार्वजनिक रूपमा गरिन सक्नेछ।

AAT द्वारा गरिएको फैसला दुवै पक्षका लागि बाध्यकारी हुनेछ। कुनै पक्षले AAT निर्णयका विरूद्ध अदालतमा पुनरावेदन गर्न सक्नेछ तर केवल त्यसमा निहित कानूनी प्रश्नहरूका बारेमा मात्र।

# अदालतमा पुनरावेदन

दोस्रो AAT पुनरावलोकनका विरूद्ध त्यसमा निहित कानूनी प्रश्नहरूका बारेमा Federal Court मा पुनरावेदन गर्न सकिन्छ। सबैभन्दा अन्त्यमा, यदि High Court बाट तपाईंलाई High Court मा पुनरावेदन गर्नका लागि विशेष मञ्जुरी Special Leave प्राप्त भएमा तपाईंले Federal Court को पूर्ण इजलासको फैसलाका विरुद्ध High Court मा पुनरावेदन गर्न सक्नुहुनेछ।

अदालतमा गरिने पुनरावेदन निःशुल्क हुँदैन, तर तपाईंलाई निवेदन शुल्क मिनाहमा हुन सक्नेछ अनि तपाई आफैंले बहस गरेर लागत कम गर्न सक्नुहुन्छ। यदि तपाईंको पुनरावेदन असफल भएमा, तपाईंले हाम्रो लागेको खर्च शोधभर्ना गर्नुपर्ने हुन्छ। त्यसैगरी तपाईंको पुनरावेदन सफल भएमा, हामीले तपाईंको लागेको खर्च दिनुपर्ने हुन्छ।

AAT's को फैसला लिखित रूपमा पाएको २८ दिनभित्र Federal Court Registry मा निवेदन पेश गरिसक्नु पर्दछ, तथापि केही परिस्थितिहरूमा भने निवेदन दिन केही ढिलो भएमा पनि स्वीकार गरिनसक्छ।

अदालतका आवश्यकताहरू भने सामान्यतया AAT को भन्दा केही बढी औपचारिक हुन्छन्। थप जानकारीका लागिः

- तपाईंको राज्य वा क्षेत्रको Federal Court Registry मा सम्पर्क राख्नुहोस्
- **fedcourt.gov.au** वेबसाइटमा जानुहोस्
- कानूनी सहायता माग्नुहोस्

# कानूनी सहायता

पुनरावलोकन तथा पुनरावेदन प्रणालीको कुनै पनि चरणमा तपाईंले आफ्नो कानूनी प्रतिनिधि राख्न सक्नुहुनेछ, तर राख्नै पर्ने जरूरी भने हुँदैन।

निःशुल्क परामर्श तथा सहायता यहाँ पाउन सकिन्छः

- **welfarerights.org.au**
- **nationallegalaid.org**

# अधिक जानकारी

यदि तपाईं आफ्नो हक बारेको फैसलासँग सहमत हुनुहुन्न भने के गर्न सकिन्छ भन्ने कुराको थप जानकारी पाउनका लागिः

- **humanservices.gov.au/reviewsandappeals** हेर्नुहोस्
- **131 202** मा फोन गरेर आफ्नै भाषामा कोहीसँग कुरा गर्नुहोस्,
- कुनै एक service centre मा जानुहोस्।

Australian Government
Department of Human Services

# What if you do not agree with a decision?

If you do not agree with a decision about your entitlements, you have the right to ask for a review of the decision.

You can ask for a review of a decision about your payments and rebates, or a child support assessment, by writing to, calling or visiting one of our service centres.

We do not discriminate against customers who exercise their right of appeal.

## Talk to us

If you would like more information about a decision, you should contact us. We will check the details and explain the decision. This gives you a chance to correct misunderstandings and present new information.

## Ask for a review

If you do not agree with a decision, you can ask for a review. We will forward the matter to a review officer who has not been involved in the decision and can change the decision if it is wrong.

You can ask for a review by either:

- telephoning us
- viewing the *Review of a Centrelink decision* form, filling it in, printing it and posting it to any service centre,
- visiting a service centre.

The review officer will:

- talk to you about the decision where possible
- look at the facts, the law and policy
- change the decision if it is not correct, **and**
- advise you in writing about the result of the review.

## Administrative Appeals Tribunal

If you do not agree with the decision made by the review officer, in most cases you can then seek review by the Administrative Appeals Tribunal (AAT). If the decision is about ABSTUDY or Assistance for Isolated Children (and not a debt), or about a rural ex-gratia payment, there may be a different review and appeal processes.

The AAT is an independent tribunal. It has the power to change decisions but only according to the law and only after a review officer has reviewed the case. There are two levels of review by the AAT. If you do not agree with the outcome of the AAT first review, you may be able to apply for an AAT second review.

You should request an AAT first review **within 13 weeks** of being notified about the review officer's decision. If your request is more than 13 weeks after being notified and the decision is changed, you may only receive your entitlement from the date you requested the review.

If you do not agree with the outcome of the AAT first review, you may be able to apply for an AAT second review. You should request an AAT second review within 28 days of receiving the AAT first review decision.
There is no charge for lodging an application to the AAT. We will not assist you with costs you may incur in pursuing a review by the AAT. You cannot be awarded costs by the AAT if you are successful and in turn you cannot be required to pay our costs if you are not successful.

For more information, or to request a review, you can:
- phone **Freecall™ 1800 228 333**
- go to **aat.gov.au**

After you have lodged an application to the AAT, we will lodge a statement of reasons for the decision and all relevant department documents to the AAT. You will receive a copy of the statement and documents.

The AAT may hold a conference at which you can talk to our representative. At this conference, the AAT will seek to clarify the issues and, if possible, resolve the matter to the satisfaction of both parties.

If the matter is not resolved, the AAT will give each party the opportunity to present evidence and argue their case. This may be in a public hearing.

Decisions made by the AAT are binding on both parties. Either can appeal an AAT decision to the Courts, but only on a question of law.

# Court appeals

An appeal against an AAT second review decision on a question of law is made to the Federal Court. Ultimately, a full Federal Court decision can be appealed to the High Court, if the High Court grants you Special Leave to appeal to the High Court.

Court appeals are not free, but you may have the lodgement fee waived and keep costs down by representing yourself. If your appeal is unsuccessful, you may have to pay costs we have incurred. If your appeal is successful, we may have to pay your costs.

An application should be lodged with the Federal Court Registry within **28 days** of receiving the AAT's decision in writing, although a late application might still be accepted in some circumstances.

Court requirements are usually more formal than the AAT. For more information:
- contact the Federal Court Registry in your state or territory
- go to **fedcourt.gov.au**
- seek legal assistance.

# Legal assistance

You can, but do not have to be, legally represented at any stage of the review and appeals system.

Free advice and assistance is available from:

- **welfarerights.org.au**
- **nationallegalaid.org**

# More information

For more information about what to do if you do not agree with a decision about your entitlements:

- visit **humanservices.gov.au/reviewsandappeals**
- call **131 202** to speak to someone in your language,
- visit a service centre.